गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः ०८३।८४
चलानी नम्बरः

मितिः २०८३/०६/०७

# तालिम सम्बन्धी लेख तथा रचना आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०७)

यस गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास, सुशासन र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले एक लेख संग्रह प्रकाशन गर्न लागिएको छ। यस प्रकाशनका लागि प्रशिक्षणलाई समय सान्दर्भिक, तथ्यपरक र अनुसन्धानमा आधारित बनाउन विषय विज्ञ, प्राज्ञिक व्यक्तित्व, अनुसन्धानकर्ता, रोस्टरका प्रशिक्षक तथा राष्ट्रसेवक कर्मचारीहरूबाट तपसिलका विषयक्षेत्रमा आधारित नवीन, अनुसन्धनात्मक र विश्लेषणात्मक लेख तथा कार्यपत्रहरू आह्वान गरिन्छ।

क. प्रादेशिक तथा स्थानीय सुशासन र सार्वजनिक सेवा प्रवाह **(Provincial & Local Governance and Service Delivery)**

- स्थानीय सरकारको कार्यसम्पादनः स्थानीय तहको नीति, कानुन निर्माण प्रक्रिया र कार्यान्वयनमा देखिएका व्यवहारिक चुनौतीहरू।
- सार्वजनिक सेवा प्रवाहमा नवीनता (Innovation in Service Delivery): स्थानीय स्तरमा प्रवाह हुने सेवालाई छिटो, छरितो र प्रविधिमैत्री (Paperless/E-governance) बनाउन गरिएका नवीन अभ्यासहरू।
- वित्तीय सुशासन र जवाफदेहिताः स्थानीय सञ्चित कोष व्यवस्थापन, आन्तरिक आय वृद्धि, सार्वजनिक खरिद प्रक्रिया र वेरुजु न्यूनीकरणका उपायहरू।
- स्थानीय तहमा साझेदारी र समन्वयः संघ, प्रदेश र स्थानीय तह (Inter-governmental coordination) वीचको योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वयको अवस्था।

ख. आधुनिक क्षमता विकास, प्रशिक्षण र सिकाइ विधिहरू **(Modern Capacity Development, Training & Learning Methodologies)**

- प्रशिक्षणको प्रभावकारिता अध्ययनः प्रतिष्ठानले प्रदान गरेका तालिमहरू (जस्तैः जनप्रतिनिधि तथा कर्मचारी लक्षित तालिम) को कार्यक्षेत्रमा परेको व्यवहारिक प्रभाव (Training Impact Assessment)।
- नवप्रवर्तनात्मक तालिम विधिहरू (Innovative Training Methods): प्रविधिको प्रयोगमार्फत भर्चुअल, हाइब्रिड र कार्यक्षेत्रमा आधारित (On-the-job) प्रशिक्षण विधिको विकास र सान्दर्भिकता।

निर्देशक



CamScanner

- प्रशिक्षकहरूको क्षमता विकास (MToT का अभ्यासहरू): मास्टर ट्रेनिङ अफ ट्रेनर्स (MToT) को मोडेल र यसले स्थानीय स्तरमा प्रशिक्षकहरूको रोस्टर निर्माणमा पुर्‍याएको योगदान।
- पाठ्यक्रम र म्यानुअल विकास: समय-सान्दर्भिक र कार्यक्षेत्रको यथार्थमा आधारित प्रशिक्षण पाठ्यक्रम कसरी निर्माण गर्ने भन्ने विषयमा शोध कार्यहरू।

**ग. लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मानव अधिकार (GEDSI & Human Rights in Local Governance)**

- योजना तर्जुमामा GEDSI को मूलप्रवाहीकरण: स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक उत्तरदायी बजेटिङ्ग र सीमान्तकृत समुदायको प्रतिनिधित्व।
- क्षमता विकासमा समावेशीकरण: अपाङ्गता भएका व्यक्ति, महिला, दलित र पिछडिएको वर्गको क्षमता अभिवृद्धिका लागि अपनाइएका विशिष्ट विधिहरू र चुनौतीहरू।
- स्थानीय स्तरमा मानव अधिकारको प्रवर्द्धन: न्यायिक समितिहरूको कार्यसम्पादन, न्याय निरुपणका अभ्यासहरू र मानव अधिकार मैत्री स्थानीय शासन।

**घ स्थानीय विकास योजना, विपद् व्यवस्थापन र जलवायु परिवर्तन (Local Planning, Disaster Management & Climate Action)**

- योजना तर्जुमा र आवधिक योजना: प्रादेशिक वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा बजेट को प्रभावकारी कार्यान्वयन र स्थानीय तहको मध्यकालीन खर्च संरचना (MTEF)।
- विपद् जोखिम न्यूनीकरणमा स्थानीय क्षमता: जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन (बाढी, पहिरो, महामारी) का लागि स्थानीय तहको पूर्वतयारी र समुदायमा आधारित उत्थानशीलता।
- दिगो विकास लक्ष्य (SDGs) को स्थानीयकरण: संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरूलाई स्थानीय योजना र कार्यक्रमहरूमा कसरी एकीकृत गरिएको छ भन्ने समीक्षा।

**ङ. सूचना प्रविधि, डाटा र प्रमाणमा आधारित निर्णय प्रक्रिया (IT, MIS & Evidence-based Decision Making)**

- प्रणालीमा आधारित रिपोर्टिङ (System-based Reporting): पोर्टलहरूको प्रयोग र यसले निर्णय प्रक्रियामा पुर्‍याएको योगदान।

निर्देशक

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
नदिपुर, पोखरा, नेपाल

पत्र संख्या: ०८३।८४
चलानी नम्बर:

- तथ्याङ्कको गुणस्तर र व्यवस्थापन: स्थानीय तहमा सही तथ्याङ्क सङ्कलन, विश्लेषण र यसलाई योजना निर्माणको आधार कसरी बनाउने भन्ने विषय।
- विद्युतीय सुशासन र डिजिटल साक्षरता: कर्मचारी र जनप्रतिनिधिहरूमा सूचना प्रविधिको प्रयोगको अवस्था र डिजिटल विभाजन (Digital Divide) कम गर्ने उपायहरू

३. लेखका मापदण्ड तथा सर्तहरू (Guidelines for Submission):

- मौलिकता: लेख पूर्णतः मौलिक अनुसन्धानमा आधारित र अन्य कतै प्रकाशित नभएको हुनुपर्नेछ। (कुनै पनि प्रकारको बौद्धिक नक्कल/Plagiarism अस्वीकार्य हुनेछ)।
- भाषा: लेख नेपाली वा अंग्रेजी दुवै भाषामा लेख सकिनेछ।
- शब्द सीमा: लेखको लम्बाइ १५०० देखि ५००० शब्दसम्मको हुनुपर्नेछ।
- ढाँचा: लेखको सुरुमा १५०-२०० शब्दको सारांश (Abstract) र अन्त्यमा निष्कर्ष तथा सुझावहरू स्पष्ट हुनुपर्नेछ।
- फन्ट: नेपालीको हकमा 'Kalimati' वा 'Unicode' (Font Size 12) र अंग्रेजीको हकमा 'Times New Roman' (Font Size 12) प्रयोग गर्नुपर्नेछ।
- सन्दर्भ सामग्री: सन्दर्भ सामग्री (References) अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्नेछ।

४. लेख बुझाउने प्रक्रिया:

इच्छुक लेखकहरूले तोकिएको समयसीमा भित्र आफ्नो लेख/कार्यपत्र एमएस वर्ड (MS Word) फाइलमा तयार गरी प्रतिष्ठानको आधिकारिक इमेल ठेगाना: academy.gandaki@gmail.com र info.gpta@gandaki.gov.np पठाउनुहुन अनुरोध छ। इमेलको Subject मा "Submission of Article for GPTA Publication" लेख्नुपर्नेछ।

*(नोट: छनोट भएका उत्कृष्ट लेखकहरूलाई प्रदेश सरकारको मापदण्ड बमोजिम पारिश्रमिक रकमको व्यवस्था गरिनेछ। लेख छनोट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रतिष्ठानको सम्पादक मण्डलमा निहित रहनेछ।)*

थप जानकारीको लागि सम्पर्क:
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नदिपुर, पोखरा
इमेल: academy.gandaki@gmail.com / info.gpta@gandaki.gov.np
वेबसाइट: www.gpta.gandaki.gov.np

०८/०६
निर्देशक